नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पुस्तकालय समन्वय शाखा

फोन नं.

पत्र संख्याः- ०७४/७५
चलानी नं.:- ६३

सिंहदरबार,
काठमाडौं, नेपाल ।

२०७५।२।१६

विषयः पुस्तकालय अनुदान सम्बन्धमा ।

नेपालमा विभिन्न व्यक्ति वा सामुदायिक संस्थाको अगुवाइमा स्थापना र सञ्चालन भइरहेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई विगत केही वर्षदेखि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक अनुदान उपलब्ध गराउँदै आएको छ । यसरी वितरण गरिदै आएको आर्थिक अनुदानमा पारदर्शिता कायम गर्न तथा मुलुकमा सञ्चालित सबै सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले अनुदान प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरी प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले तर्जुमा गरिएको सार्वजनिक तथा सामुदायिक पुस्तकालय अनुदान कार्यविधि माननीय (शिक्षा, विज्ञान तथा प्रविधि) मन्त्रीस्तरबाट मिति २०७५।२।१५ गते स्वीकृत भएको छ।

स्वीकृत कार्यविधिअनुसार अनुदान लिन चाहने सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले विगतमा नेपाल सरकार वा अन्य कुनै निकायबाट आर्थिक सहयोग लिएको भए सो बाट सम्पादन भएका कामहरूको विवरण सहित नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गरिएको प्रतिवेदन र यस आर्थिक वर्षमा पुस्तकालयबाट सम्पन्न हुने कामहरूको कार्ययोजना सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सम्बिन्धत जिल्ला प्रशासन कार्यालयमा रहेको शिक्षा विकास तथा समन्वय एकाइमार्फत् वा सोझै नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पुस्तकालय समन्वय शाखामा आइपुग्ने गरी संलग्न ढाँचामा तयार गरी पठाइदिनु हुन अनुरोध छ । पुस्तकालयले भर्नुपर्ने फाराम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट http://www.moe.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।

.............
यादवचन्द्र निरौला
उपसचिव